म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११६ मंगलबार १९ मंसिर २०८० ने. सं. ११४४ कछलागा 5 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाँजासहित पदमपोखरीका विवेक पक्राउ

हेटौंडा, १८ मंसिर/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-३ बाट लागूऔषध गाँजा सहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरी बस्ने २१ वर्षीय विवेक सुनार रहेका छन् ।

लागूऔषध ल्याउँदै गरेको भन्ने सूचनाको अधारमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरीले करिब २ किलो ७ सय ग्रामसहित सुनारलाई आइतबार बिहान पक्राउ गेरको हो । बोरामा लुकाइ ल्याउँदै गरेको गाँजासहित उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

मनहरी खोलादोहन प्रकरण

# क्रसर र बालुवा उद्योग सञ्चालनमा रोक, विद्युत काट्न पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मनहरी गाउँपालिकाको ७ नम्बर वडास्थित क्रसर उद्योग र बालुवा प्रशोधन उद्योगले कानुनविपरित खोला उत्खनन् गरेको पुष्टि भएको छ ।

मनहरी बजारबाट राक्सिराङतर्फ करिब ५ सय मिटर भित्र मनहरी खोलामा मनहरी क्रसर उद्योग र दारिमबास बालुवा प्रशोधन उद्योगले अवैधरुपमा नदीजन्यपदार्थ उत्खनन् गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी सरकारी अनुगमन प्रतिवेदन-२०८० ले पुष्टि गरेको हो । १२ मंसिरमा जिल्ला अनुगमन समितिका पदाधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारी, मनहरी गाउँपालिका र राक्सिराङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलगायतको अनुगमन टोलीले मनहरी खोलामा कानुनविपरित प्राकृतिक स्रोतसाधनमाथि क्षति हुने गरी उत्खनन् भइरहेको पुष्टि गरेको हो ।

मनहरी खोलामा स्वार्थ समूहको रजगज चलिरहँदा राज्यको अमूल्य सम्पत्ति प्राकृतिकस्रोतको चरम दोहन र राजश्व दुवै गुम्दा पनि सरोकारवाला निकायहरु चुपचाप बनेपछि साझाकुराले ११ मंसिर सोमबार 'मनहरी खोलाको चरम दोहन, जनप्रतिनिधिदेखि सिडिओकै मिलेमतोको आशंका' शीर्षकमा समाचार प्रकाशित गरेको थियो । समाचार प्रकाशित भएपछि सरोकारवाला निकाय जिल्ला अनुमगन समितिका संयोजकसमेत रहेका जिल्ला समन्वय समिति प्रमुख ललित घलान र अनुगमन समितिका

सहसंयोजक रहेका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई उत्खनन् भइरहेको मनहरी खोलामा मंगलबार अनुगमनमा पुगेका थिए ।

अनुगमनपश्चात बसेको जिल्ला अनुगमन समितिको बैठकले दोषि देखिएका क्रसर उद्योग र बालुवा प्रशोधन उद्योग सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ । समितिले मनहरी क्रसर उद्योग र दारिमबास बालुवा प्रशोधन उद्योगलाई ढुंगा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९(५) बमोजिम उत्खनन्, संकलन, बिक्री र ढुवानी कार्यमा रोक्का लगाउन निर्देशन दिएको हो । अनुगमन समितिका सदस्य सचिवसमेत रहेका जिल्ला समन्वय अधिकारी सूर्यप्रसाद चापागाईले अनुगमनमा दोषि देखिएपछि क्रसर र बालुवा उद्योग सञ्चालनमा रोक लगाइएको जानकारी दिए ।

जिल्ला अनुगमन समितिको दुई उद्योगको विद्युत लाइन कटौती गर्ने निर्णयअनुसार नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई पत्राचार गरिएको छ । 'हामीले कानुनले व्यवस्था गरेअनुसार क्रसर र बालुवा उद्योग सञ्चालनमा रोक्का लगाउनेदेखि विद्युत कटौतीका लागि पत्राचार गरिसकेका छौं । अब घाटगद्दी गरिएको नदीजन्य पदार्थको स्टक प्रमाणित गर्न र जरिवाना सम्बन्धमा सम्बन्धित गाउँपालिकालाई ७ बुँदे निर्देशन दिएर प्रक्रिया अगाडि बढाएका छौं ।', जिल्ला समन्वय अधिकारी चापागाईले भने ।

अनुगमन समितिले मनहरी गाउँपालिकालाई छानबीन गरी ७ बुँदामा ७ दिनभित्र प्रतिवेदन पठाउन निर्देशनसमेत दिएको छ । क्रसर र बालुवा उद्योगको दर्ता, नवीकरण अध्यावधिक भए/नभएको, उद्योगले तोकिएको मापदण्ड पूरा गरेको/नगरेको, नदीजन्यपदार्थ घाटगद्दी गरेको क्षेत्र सार्वजनिक वा निजी के हो ?, सरकारी जग्गा अतिक्रमण भएको हो वा होइन् ? क्रसर र बालुवा उद्योगको गत आर्थिक वर्ष २०७९/८० को अन्तिम मौज्दात, नदीजन्यपदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरणबाट गत र चालू आवमा भएको राजश्व संकलनको अवस्थालगायतको विषयमा गाउँपालिकासँग जवाफ माँगिएको छ ।

राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने मनहरी खोलामा मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले साउन महिनादेखि नै नदीजन्यपदार्थको (ढुंगा, गिट्टी र बालुवा) अवैध उत्खनन् गरिरहेका थिए । कानुनत: असार, साउन र भदौमा खोलामा मान्छेले पनि उत्खनन् गर्न पाउँदैनन् । तर, यी दुई क्रसरले मेसिनसहित टिपर र ट्याक्टर प्रयोग गरेर मनहरी खोलाको दोहन गरिरहेका थिए । दुई क्रसरले महिनौंदेखि दोहन गरिरहेको मनहरी खोलाबाट करिब ५ सय घरधुरी रहेको मनहरी बजार नजिकै पर्छ ।

अवैध उत्खननमा सक्रिय दुवै क्रसर उद्योग अवैध हुन् । पुल, बस्ती र वन क्षेत्रबाट ५ सय मिटर टाढा मात्रै क्रसर उद्योग राख्न पाइन्छ । तर, मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योग मादपण्ड विपरित चलेका छन् । मनहरी बजारबाट ५ सय मिटर नजिकै र वन क्षेत्रसँगै जोडिएका क्रसर र बालुवा उद्योग निर्वाध सञ्चालन भइरहेका हुन् । क्रसरले मनहरी खोला नै कब्जा गरेर नदीजन्यपदार्थ घाटगद्दी गरेको हो । मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले दोहन गरिरहेको खोलामा वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नभएको राक्सिराङ गाउँपालिकाले जानकारी दिएको छ ।

चालू आर्थिक वर्ष २०८०/८१ मा जिल्ला अनुगमन समितिले जिल्लाका १० वटै स्थानीय तहमा नदीजन्यपदार्थ उत्खननका लागि अनुमति दिएको छैन । चालू आवमा जिल्ला अनुगमन समितिले नयाँ वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नगर्नु, उत्खननमा ठेक्का लगाउन वा अमानतमा संकलनको अनुमति नदिएकाले सीधै खोलाबाट उत्खनन् गर्न पाइँदैन ।

मापदण्ड अनुसार विगतमा स्टक प्रमाणित भइसकेको ढुंगा, गिट्टी बालुवा राजश्व तिरेर निकासी गर्न र आइईई स्वीकृत भएको स्थानबाट मात्रै उत्खनन् गर्न पाइन्छ ।

# अपाङ्गता भएका व्यक्तिको नि:शुल्क बीमा गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताका साथ नि:शुल्क स्वास्थ्य बीमा गराउने राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले घोषणा गरेका छन् ।

विश्व अपाङ्गता दिवसको अवसरमा आइतबार राक्सिराङ गाउँपालिकामा गरिएको संवाद कार्यक्रममा बोल्दै अध्यक्ष मल्लले अपाङ्गता भएको व्यक्तिलाई पहिलो प्राथमिकता साथ नि:शुल्क स्वास्थ्य बीमा सहित आयआर्जनको लागि विभिन्न प्रकारको तालिम गराई आत्मनिर्भर बनाउने घोषणा गरेका हुन् । अपाङ्गता भएका व्यक्तिलाई संरक्षण तथा सुरक्षा दिनु पालिकाको दायित्व रहेकोले अपाङ्ग कस्तो प्रकारको छ, उसको आवश्यकता अनुसार पालिकाले आयआर्जन गरी जीवननिर्वाहको लागि सहयोग गरिने उनको भनाई छ ।

सहभागीले सीपमूलक तालिमको आवश्यकता, स्वास्थ्य तथा दैनिक जीवननिर्वाहको पाटोमा सहयोग र पालिकाको नीति निर्माण गर्ने बेला सक्रिय सहभागी गराउन जोड दिएको छ । अध्यक्ष मल्लको अध्यक्षतामा भएको सम्वाद कार्यक्रममा प्रमुख प्रसशाकीय अधिकृत देवचन्द्र गर्तौला, ठाडेचुरे आधारभूत अस्पतालका मेडिकल अधिकृत डा. गजल पन्त, सामाजिक विकास शाखाप्रमुख गोविन्द अधिकारी, ५ नम्बर वडाअध्यक्ष हरिबहादुर प्रजा, ९ नम्बर वडाअध्यक्ष रामकुमार बाल्पा थिङ, ३ नम्बर वडाअध्यक्ष उत्तम वाङ्बालगायतको आतिथ्यता रहेको थियो । रक्सिराङ गाउँपालिकाको आयोजनामा भएको संवाद कार्यक्रमलाई राष्ट्रिय जनवकालत मन्च (नाफान)ले सहजीकरण गरेको थियो ।

**अपाङ्गता समन्वय समिति गठन**

विश्व अपाङ्गता दिवसको अवसरमा रक्सिराङ गाउँपलिकास्तरीय अपाङ्गता समन्वय समिति गठन गरिएको छ । गाउँ कार्यपालिका सदस्य चन्द्रमान प्रजाको संयोजकत्वमा ११ सदस्यीय अपाङ्गता समन्वय समिति गठन गरिएको हो ।

समितिको सदस्यहरुमा मंगलबहादुर घलान, संचलाल वाइबा, होमबहादुर पाखिन, जितन प्रजा, सुरेश घलान, शंखलाल चेपाङ, शरद स्याङ्तान, फूलमाया स्याङ्तान, श्रीकृष्ण प्रजा र सदस्य सचिवमा गाउँपालिकाको महिला तथा बालबालिका शाखाप्रमुख गोमा पन्थी रहेका छन् ।

# ट्याक्टर दुर्घटना हुँदा दुईजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ हेटौंडा उपमहानगरपालिकामा सवारी दुर्घटनामा परेर दुई जनाको मृत्यु भएको छ । हेटौंडा-१६ स्थित पानीस्वारामा ट्याक्टर पल्टिँदा २ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । आइतबार ट्याक्टर व्याक गर्ने क्रममा अनियन्त्रित भएर ट्याक्टर भिरबाट खस्दा दुईजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक प्रकाश साहले जानकारी दिए । आइतबार दिउँसो साढे ३ बजेको समयमा पानीस्वारामा मधेश प्रदेश ०३००१ त ६९८७ नम्बरको ट्याक्टर आफैं रुअनियन्त्रित भई भिरबाट ३०० मिटर तल खसेको उनले बताए ।

प्रहरी निरीक्षक साहकाका अनुसार दुर्घटनामा ट्याक्टर चालक बारा जिल्ला निजगढ-१३ का २६ वर्षीय डिलम थिङ र ट्याक्टरमा सवार सोही स्थानका ५६ वर्षीय जीतबहादुर थिङ रहेका छन् । उनीहरु दुवैको घटनास्थलमै मृत्यु भएको हो । केही दिनअघि मात्रै मकवानपुरगढीमा मोटरसाइकल दुर्घटना हुँदा एकै परिवारका श्रीमान, श्रीमती र ५ महिने छोरीको मृत्यु भएको थियो । हप्ता दिन नबितै मकवानपुरमा ५ जनाको मृत्यु भएको छ ।

## कार्यालय व्यवस्थापक आवश्यकता

यस सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा व्यवस्थापक आवश्यक भएको हुँदा तपशिल बमोजिमका योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदन सहित आवश्यक कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थाको मुख्य कार्यालयमा बुझाउन सूचित गरिन्छ ।

| विज्ञापन नं. | पद, संख्या | योग्यता तथा अनुभवहरु | उमेर |
|---|---|---|---|
| १-२०८०/०८१ | पद : व्यवस्थापक<br>संख्या : १<br>नियुक्तिको किसिम : अस्थायी<br>दस्तुर शुल्क : रु. ५००। | शैक्षिक योग्यता : व्यवस्थापन संकायबाट स्नातक वा सो सरह, कम्प्युटर सम्बन्धी ज्ञान भएको, सवारी चालक अनुमति पत्र प्राप्त भएको र सम्बन्धित क्षेत्रको अनुभव प्राप्त भएकालाई प्राथमिकतामा राखिनेछ । | ४० वर्ष ननाघेको |

**आवश्यक कागजातहरु** :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. बायोडाटा ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
५. पासपोर्ट साइजको फोटो १ प्रति ।
६. परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
७. दरखास्त दिने अन्तिम मिति : २०८०।०९।०२
८. दरखास्त दिने स्थान : सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१०, मकवानपुर
९. सम्पर्क मिति : २०८०।०९।०५ गते कार्यालय समयभित्र ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने ।
११. तलब आपसी समझदारीमा ।

विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

हेटौंडा-१०, मकवानपुर

०५७-५२३२७०, ९८४५०२८९२८, ९८४५०२५९३४

मेला हेर्न

## बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म

हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरु :**

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता

खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# विकास बजेट खर्चमा निराशा

असार महिना लागेपछि हतारहतार गरेर सडक कालोपत्रे गर्ने, ग्रामीण सडकमा ग्राभेलिङ गर्ने, पाटीपौवा, ईनार, धारा, मर्मत गर्ने, आदि काम परम्परागत शैली नै मान्छि । बर्खा लाग्न थालेपछि कालोपत्रे गर्ने गरेका दृष्य हरेक साल देख्न पाइन्छ । मुलुक संघीय संरचनामा गएपछि विकासका मोडल पनि नयाँ स्वरुपमा आउने अपेक्षा आमनागरिकको थियो तर, त्यसो हुन सकेन । नेपाली समाजमा एउटा लोकप्रिउ उखान छ 'जुनै जोगी आएपनि कानै चिरेका' अर्थात जुनै व्यवस्था आएपनि अवस्था उही पुरानै । ढर्रा उही, कार्यशैली उही, जनतालाई दिइने सास्ती उही पुरानै छ । संघीय संरचनाको एउटा गतिलो प्रगति भनेको चालुखर्च चुलिएको छ । तयो बाहेक जनताले अनुभूति गर्ने कुरा खासै देखिएको छैन । बागमती प्रदेशमा चालू आर्थिक वर्ष २०८०/८१ को प्रथम चौमासिकमा सरकारको बजेट खर्चको निराशाजनक अवस्था देखिएको छ । यो वर्षको मात्रै समस्या भने होइन । साउन, भदौ, असोज र कार्तिकसम्म प्रदेश सरकारको बजेट खर्च निराशाजनक छ ।

एकातिर बजेट खर्च कम छ भने अर्कोतर्फ बजेट विकासमा भन्दा कर्मचारी र जनप्रतिनिधिको तलब र भत्तामा चुलिदै गइरहेको छ । यसले समग्र प्रदेशको आर्थिक अवस्थालाई कमजोर बनाइरहेको देखाउँछ । प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार कार्तिक मसान्तसम्ममा ९ प्रतिशत अर्थात ५ अर्ब ७८ करोड ७१ लाख रुपैयाँ बराबरको मात्र बजेट खर्च भएको देखिएको छ । चालू आवका लागि प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थापनतर्फ ५० करोड विनियोजन गरेको थियो । लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारसँग हाल ५६ अर्ब ९२ करोड १८ लाख रुपैयाँ मौज्दात छ । हालसम्म चालूतर्फ १३ दशमलव ४८ प्रतिशत अर्थात तीन अर्ब ५६ करोड ५९ लाख रुपैयाँ खर्च भएको छ । पुँजीगततर्फ ६ दशमलव २१ प्रतिशत अर्थात दुई अर्ब २२ करोड ११ लाख रुपैयाँ खर्च छ । असारे विकासका लागि अहिल्यैदेखि सबै तम्तयार भएर बसेको अनुभूति भइरहेको छ । गर्मी याममा शीतल ताप्ने, जाडोमा घाम ताप्ने, चाडपर्व मान्नै पऱ्यो । विकासका काम गर्न त असार लागेपछि बल्ल फुर्सद निस्कन्छ । असार लागेपछि 'हतारमा गरिएको काम लतार' भनेझैं हुने गरेको कुरा नौलो होइन । पुरानै रोग हो । बागमती प्रदेश सरकार देशका सात प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट ल्याउने र बढी आम्दानीको स्रोत भएको सरकार हो । तर, प्रदेश सरकार स्थापनाको सुरुवाती वर्ष अर्थात् २०७५/७६ देखि नै बागमतीको बजेट खर्च निराशाजनक छ ।

बजेट खर्च निराशाजनक मात्रै छैन, विकास निर्माणमा भन्दा कर्मचारी, जनप्रतिनिधि तथा राजनीतिक नियुक्ति लिएका पदाधिकारीहरुको तलबभत्ता र कार्यालय सञ्चालनमा बढी खर्च भइरहेको छ । जसको प्रभाव मुलुकको आर्थिक विकाससँग जोडिएको छ । बजेट पुँजीगत र चालु खर्चको रुपमा कार्यान्वयन हुने गर्छ । जसमा पुँजीगत बजेट विकास निर्माणमा हुने खर्च र चालु कर्मचारी तथा पदाधिकारीको तलब, भत्तासहित कार्यालय व्यवस्थापनको खर्च हो । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिकमा बागमती प्रदेशको बजेट खर्च पुँजीगतमा भन्दा चालुमा बढी छ । जसले विकास निर्माणमा वित्तीय प्रगति निराशाजनक र कर्मचारी तथा पदाधिकारीको तलबभत्ताको खर्चमा उत्साह देखिन्छ । कार्यकर्ता भर्तीगर्नका लागि करारमा कर्मचारी नियुक्ति, कर्मचारीको भ्रमणभत्ता अस्वाभाविक, आवश्यकताका आधारमा नभई राजनीतिक फाइदाका लागि नियुक्ति लिएका पदाधिकारीको अस्वाभाविक सेवासुविधा र आवश्यकताभन्दा बढी खोलिएका कार्यालयको खर्च व्यवस्थापनले सरकारको ढुकुटीमा 'भ्वाड' पर्दै आइरहेको छ । प्रदेशको ढुकुटीमा परेको 'भ्वाड' पुर्ने योजनामा सरकार लागेको देखिँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५९५०१ |
| चिल्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७१९, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०४८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३१ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाइ बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २० गते बुधबार, ६ डिसेम्बर २०२३ । नवमी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : वस्त्र-भोजन प्राप्त हुनेछ | तुला | : सञ्चित धन खर्च हुनेछ |
| वृष | : योजना कार्यान्वयन हुनेछ | वृश्चिक | : आफन्तले कुरा काट्नेछन् |
| मिथुन | : व्यापार राम्रो चल्नेछ | धनु | : आत्मविश्वास बढ्नेछ |
| कर्कट | : मीठो खाने अवसर मिल्नेछ | मकर | : आफन्तको सहयोग मिल्नेछ |
| सिंह | : घर परिवारमा मेलमिलाप हुनेछ | कुम्भ | : मान, प्रतिष्ठा बढ्नेछ |
| कन्या | : मनमा शङ्का बढ्नेछ | मीन | : कार्यमा सफलता मिल्नेछ |

# लैङ्गिक हिंसा र मधेसको अवस्था



✍ हरि गौतम

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान जारी छ । नेपालले आगामी सन् २०३० भित्रमा महिला तथा किशोरीहरूलाई सशक्त बनाउन र लैङ्गिक समानता हासिल गर्ने दिगो विकासको लक्ष्य लिएको परिप्रेक्ष्यको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानले विशेष महत्त्व राख्छ । भर्खरै नेपालले समलिङ्गी विवाहलाई मान्यता दिएबाट यस अभियानमा महत्त्वपूर्ण उपलब्धि भएको छ ।

अब मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था कस्तो छ र नेपालले लिएको लक्ष्य पूरा गर्न कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ बुझ्न जरुरी छ । मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था भयावह छ । असुरक्षित नाबालिकाहरू, बालविवाह, अनमेल विवाह, दाइजो प्रथा, बोक्सी प्रथा, शिक्षामा छोराछोरीबीच विभेद, "आफ्नी छोरी छोरी, अर्काकी छोरी बकरी" भन्ने सामाजिक प्रवृत्तिले गर्दा मधेसमा लैङ्गिक हिंसाले डरलाग्दो स्वरूप धारण गरेको छ ।

यो प्रदेशमा सहज बाटोघाटो, उब्जाउ भूमि, स्कुल, स्वास्थ्य चौकीको उपलब्धता भए पनि मधेस प्रदेशमा सामाजिक विकासको अवस्था अत्यन्त दयनीय छ । त्यस्मा पनि सीमान्तकृत वर्ग, दलित वर्ग, बालिका, महिला वर्ग आदिको अवस्था अझ दयनीय छ । कतिसम्म भने यहाँको सीमान्तकृत वर्गमा आमाको गर्भमा नै रहँदा छोरीको विवाह टुङ्गो गरिदिने र १०-११ वर्षभित्रमा विवाह गरिसक्ने प्रथाले त्यस्ता बालिकाले विवाह के हो ? परिवार के हो ? लैङ्गिक हिंसा के हो ? शिक्षा, स्वास्थ्य र मानव अधिकार के हो ? सम्पत्तिमाथिको महिलाको हक के हो ? शिक्षाको अधिकार आदि कुनै पनि कुरा बुझेको हुँदैन र विस्तारै लैङ्गिक हिंसाको चपेटामा पर्दछन् । नाबालिकामाथि यौन हिंसा मधेसमा जटिल समस्याका रूपमा रहेको छ । घरमा आफन्त नातेदार, टाढाका नातेदार, चिनजानका व्यक्ति, छिमेकी, शिक्षक आदिबाट नाबालिकाहरू हिंसामा पर्छन् । अधिकांश यस्ता घटना गाउँमा नै दबाइन्छन् । प्रहरीकोमा उजुरी पर्दैन । राज्यसँग त्यसको तथ्याङ्क छैन ।

मधेसको सबैभन्दा ठुलो रोग भनेको बालविवाह हो । छोरीलाई सानैमा विवाह गरिदिए आफ्नो भार कम हुने सोचाइ माइती पक्षको हुने गर्छ । उमेर बढी भए र बढी पढाए बढी दहेज दिनुपर्ने डरले जति सक्दो सानै उमेरमा छोरीलाई विवाह गरी पठाइने प्रचलन मधेसमा छ । फलत: एउटा केटीले आफू शिक्षित हुने, वयस्क हुने र बच्चा पाउन सक्षम हुने अवसर नै पाउँदैनन् । यहींबाट लैङ्गिक हिंसा सुरु हुन्छ र यो जीवनभर चलिरहन्छ । दोस्रो दहेज प्रथाले मधेसमा गहिरो जरो गाडेको छ । समाजमा बढ्दो आडम्बर, देखासिकीले गर्दा यो प्रथा अझ भयावह भइरहेको छ । दहेज बढी दिन सके राम्रो केटो पाउने दिन नसके केटी जति नै सक्षम वा असल भए पनि आफू सहरको केटा नपाउने समस्या मधेसमा छ । यति मात्र होइन, विवाह गरेर पतिको घर गइसकेपछि पनि दहेजका लागि केटीलाई दबाब दिने, सासू, ससुरा, नन्द, आमाजु, पति, देवर सबै परिवार भएर अनावश्यक टर्चर दिने, हिंसात्मक गतिविधि गर्ने, घरबाट निकाल्ने, जबरजस्ती माइती पठाउने आदि कुरा समान्य जस्तै लाग्छन् मधेसमा । यसले गर्दा लैङ्गिक हिंसा विकराल रूप लिएको छ । मधेसमा दहेज प्रथा महिलाको विकासका लागि सबैभन्दा ठुलो बाधकका रूपमा रहेको छ । छोरीलाई उमेर पुऱ्याएर उच्च शिक्षा दिलाएर र सक्षम गराएर विवाह गर्ने हो भने दहेज बढी दिनु पर्छ । फलत: यसले छोरीले जीवनभर दु:ख पाउने, लैङ्गिक हिंसामा पर्नुपर्ने हुन्छ । हुन त नेपाली महिलालाई कानुन र नीतिमा हक अधिकार दिइएको छ । वर्तमान देवानी संहिताले अविवाहित वा विवाहित छोरीलाई सधैं अंशको हक रहने कानुनी प्रावधान पनि गरेको छ तर यसको सशक्तीकरण अपर्याप्त रहेको छ र व्यावहारिक रूपमा लागु भएको छैन । समाजमा महिलाहरू भोग्यको साधन छन् र यिनीहरूमाथि हिंसा गर्नु कुनै अपराध होइन भन्ने मानसिकताले पनि लैङ्गिक हिंसा बढाएको छ ।

तेस्रो, मधेस प्रदेशमा बोक्सी प्रथाको माध्यमबाट कठोर लैङ्गिक हिंसा भइरहेको छ । समाजका कमजोर तप्काका महिला जस्तै: विधवा, वृद्ध, अशक्त, सहाराविहीन, वर्गलाई त्यहाँको समाजले बोक्सीको आरोप लगाई दिसापिसाब खुवाउने, अमानवीय तवरले कुटपिट गर्ने, कपाल मुण्डन गर्ने, भुल्याउने, गाउँ निकाला गर्ने, समाज बहिष्कार गरी अनेकौं कष्ट दिने र विचरा बेसहारा ती महिलाको पक्षमा कोही पनि सहारा नहुने र कानुनको दृष्टि पनि तत्काल नपर्ने भएकाले मधेसमा लैङ्गिक हिंसा बढी छ ।

मधेसमा युवामा बढ्दो मादक पदार्थको सेवन, बढ्दो नशालु पदार्थको प्रयोगले पनि लैङ्गिक हिंसा बढाएको छ । ग्रामीण समाजका केही युवा साँझदेखि मादक पदार्थ सेवन गरी घर जाने र आफ्नो पुरुषार्थ देखाउन श्रीमतीलाई गाली गलौज, कुटपिट गर्ने र त्यसमा घरका अन्य सदस्यले पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्ने कार्यले पनि मधेस लैङ्गिक हिंसापीडित छ । हाल बढ्दो वैदेशिक रोजगारीको कारणबाट पनि लैङ्गिक हिंसा बढ्दो छ । घरका पुरुष रोजगारीका सिलसिलामा विदेश गएपछि एक्लै बस्न महिलाहरूलाई अत्यन्त कठिन छ । पुन: यसरी एक्लै बसेकी महिला आफ्नो पैतृक घर छोडी बच्चाको शिक्षादीक्षाका लागि सहर आएर बस्दा त उनीप्रति समाजले हेर्ने दृष्टिकोण र उनले लैङ्गिक हिंसाबाट बच्न गर्नुपर्ने सैर्ष बडो गाह्रो छ । फलत: पछि विदेशबाट पति फर्किएर आएपछि पनि उनको पारिवारिक जीवन सुखद नहुन सक्ने र उनी सधैं हिंसाको सिकार हुनुपर्ने अवस्था पनि देखिन थालेको छ ।

लैङ्गिक हिंसा केवल शारीरिक शोषण वा हिंसा मात्र होइन, एक महिलालाई सानै उमेरमा विवाह गरिदिनु, विवाहपछि उनको अवस्था बारे ध्यान नदिनु, उचित शिक्षादीक्षा नदिनु, सक्षम नागरिक बनाउन कोसिस नगर्नु, सानैमा बच्चा जन्माउन बाध्य गर्नु र उनको क्षमताभन्दा बढी काम लगाउनु, राम्ररी खान लगाउन नदिनु आदि सबै विषय लैङ्गिक हिंसाभित्र पर्दछन् । मधेस प्रदेशमा यस्ता कुरा व्याप्त छन् । मधेसमा आधाभन्दा बढी महिला आफ्नै पति वा पार्टनरबाट शारीरिक, यौनजन्य तथा मानसिक हिंसाको सिकार बनिरहेका छन् ।

एउटा चित्रण गर्दछु । मधेसमा एक परिवार छ मध्यम स्तरको, घरमा छोराको विवाह गर्नु छ । छोराले राम्ररी पढेन, कुनै पनि सीप पनि सिकेन, अब विवाह गर्ने बेलामा लमीले केटी पक्षलाई वर्णन गर्छ । बडो राम्रो केटो छ । जग्गाजमिन धेरै छ । काम पनि गर्दछ । सज्जन छ आदि आदि । वास्तविकताभन्दा धेरै बढी बढाएर । किनकि लमीलाई केटी पक्षबाट बढी दहेज दिलाउनु छ । कुरा अघि बढ्छ, विवाह हुन्छ । केटी घर आउँछिन् । ठुलो परिवारका सदस्यको भान्सा पार लगाउनु उनका लागि कठिन हुन्छ । कसैले पनि सचाउँदैनन् । बुझ्दै जान्छिन् । केटो भने जस्तो सज्जन छैन । नोकरी वा इलम पनि केही छैन । बेलुका मादक पदार्थ सेवन गरेर घर आउँछ । १०-१५ दिन त केही बोल्दिनन् । तर विस्तारै नोकरी खै त मेरो खर्चका लागि अलि पैसा चाहियो भन्न थाल्छिन् । अब केटोको पुरुषत्व उग्र हुन्छ । तँलाई मेरो कामको के मतलब भनी कुट्न थाल्छ । पैसा चाहिए तेरो माइतबाट लिएर आइज, मलाई व्यवसाय गर्न तेरो माइतबाट पैसा मगाएर ल्याइदे भन्न थाल्छ र भोलिदेखि रातमा अझ ढिलो आउन थाल्छ । विवाह भएको छ । केही समयमा बच्चा त हुने नै भयो । अब यी चेलीमाथि लैङ्गिक हिंसा भयो कि भएन ? छलफलको विषय हुनु पर्छ ।

*(साभार: रातोपाटी)*

# किन बढिरहेछ अज्ञात संक्रमण ?

✍ डा.शेरबहादुर पुन

**पछिल्लो समय छिमेकी देश चीनको बेइजिङमा हजारौं बालबालिका अज्ञात संक्रमणको कारणले निमोनिया भई अस्पताल भर्ना भइरहेको जानकारीहरु मिडिया मार्फत प्राप्त हुने क्रम जारी छ । यसबारेमा विश्व स्वास्थ्य संगठनले पनि चासो दिएको देखिन्छ । यद्यपि बालबालिकामा निमोनिया हृवात्तै बढ्नुमा जाडो महिनामा देखिने/देखिँदै आइरहेका फ्लु भाइरस, आरएसभी भाइरस, एडेनो भाइरस, सार्स कोभ-२ भाइरस तथा माइकोप्लाज्मा निमोनिया जस्ता संक्रमणहरूलाई जिम्मेवार मानिएको छ ।**

केही दिन अगाडि एक जना ज्वरोका बिरामीको प्रयोगशाला परीक्षण गर्दा कुनै पनि संक्रमण पुष्टि हुन सकेन । केही दिनपछि उनको ज्वरोमा कमी आयो र स्वास्थ्यमा क्रमिक सुधार देखियो । यस्ता संक्रमण पुष्टि हुन नसकेका बिरामीहरू विगतदेखि नै ठूलो संख्यामा देखिँदै आइरहेको हो । र, सम्भवत: धेरै अस्पतालका चिकित्सकहरूले पनि यस्तो अवस्थाको अनुभव गरिरहेको हुनुपर्छ । कोभिड-१९ भन्दा अगाडिसम्म अस्पतालको पाँचवर्षे तथ्यांक हेर्ने हो सबैभन्दा बढी अस्पताल (टेकु अस्पताल) भर्ना हुने ज्वरोका बिरामी निको भई अस्पतालबाट डिस्चार्ज हुञ्जेलसम्म पनि संक्रमणको निदान हुने गरेको पाइँदैन ।

अर्थात्, अस्पताल भर्ना हुने ज्वरोका बिरामीमा अज्ञात संक्रमण अस्पताल भर्ना गराउने ठूलो र पहिलो कारक भएको देखिन्छ । फलत: लक्षणको आधारमा उपचार गर्नुपर्ने चिकित्सकको बाध्यता रहन्छ । यसले उपचार लम्बिने र औषधिको अनावश्यक प्रयोग हुने र गर्नुपर्ने सम्भावना र बाध्यता बढेर जान्छ । कम अनुभव भएका चिकित्सकको लागि त झन् यस्तो अवस्थामा थप चुनौतीपूर्ण हुने गर्दछ ।

संक्रमण पुष्टि नहुँदा एन्टिबायोटिकको प्रयोग ज्वरो वा समग्र स्वास्थ्यमा सुधार नभएसम्म परिवर्तन गरिरहनुपर्ने अवस्था समेत सिर्जना हुने गर्दछ । यसबाट एन्टिमाइक्रोबायल रेसिसटेन्ट (एएमआर)को सम्भावना बढेर जाने गर्दछ । एन्टिमाइक्रोबायल रेसिसटेन्टको समस्याले अहिले विश्वव्यापी विकराल समस्या लिँदै गइरहेको छ ।

केही समय अगाडि एन्टिमाइक्रोबायल रेसिसटेन्ट सचेतना सप्ताह (१८-२४ नोभेम्बर) पनि मनाइयो । जथाभावी र आफूखुसी एन्टिबायोटिकको प्रयोग नगर्न धेरैजसो स्वस्थ सरोकारवालाहरूको सल्लाह थियो जुन वर्षेनि भन्दै आइरहेको पनि हो । तर संक्रमण पुष्टि गर्न गरिने परीक्षणहरू अति सीमित भई लक्षणहरूको आधारमा उचार गर्नुपर्ने बाध्यताको कारणले स्वयं स्वास्थ्यकर्मीहरूले एकपछि अर्को एन्टिबायोटिकहरूको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । किनभने संक्रमणको लक्षणहरू एकअर्कासँग धेरै हदसम्म मिल्दोजुल्दो हुने गर्दछ । यसले पनि संक्रमण पुष्टि गर्न कति आवश्यक र महत्वपूर्ण रहेछ भन्ने देखाउँछ ।

संक्रमण पुष्टि गर्न असमर्थ भए नियन्त्रणमा समेत कठिनाई हुने गर्दछ । उदाहरणको लागि, टाइफाइड र स्कब टाईफस संक्रमणका प्रारम्भिक लक्षणहरू एकअर्कोसँग धेरै हदसम्म मिल्दोजुल्दो हुने गर्दछ भने दुवै मनसुन सिजनमा बढी सक्रिय देखिने गर्दछ तर दुवैको सर्ने तरिका भने फरक छ । टाईफाइड खानेकुरा र पानीबाट सर्ने गर्दछ भने स्कब टाईफस चिगर माइट (किर्ना) को टोकाइबाट सर्ने गर्दछ ।

यसकारण जब यी रोगहरूले प्रकोपको रूप लिन्छ तब पुष्टि गर्न वा हुन सकेन भने नियन्त्रणको पाटोले समेत सही दिशा पाउन सक्दैन । फलस्वरूप नियन्त्रणमा विलम्ब आउँछ ।

सन् २०१५ मा पहिलो पटक केही बालबालिकाको मृत्यु हुनुको मुख्य कारण उनीहरूमा स्कब टाईफसको पहिचानमा ढिलाइ हुनु नै थियो । जबकि स्कब टाईफसको छिटो र सही पहिचान गर्न सके पूर्ण रूपमा निको हुन्छ । त्यस्तै कोभिड-१९ ले तीव्र भेरियन्ट परिवर्तन गर्दै गर्दा ओमिक्रोनले समुदायमा व्यापकता लिइसक्दासम्म हामीले सामान्य रुघाखोकी भनेर बसेका थियौं ।

त्यतिबेला यस्तो सोच्नु वा मान्नुको मुख्य कारण जाडो महिना हुनु, कमन कोल्डको जस्तो लक्षण देखिनु र अघिल्लो भेरियन्ट भन्दा कम घातक हुनु नै थियो । पछि सो भेरियन्ट पुष्टि भएसँगै कोभिड-१९ का नियन्त्रणका उपायहरूलाई थप प्रभावकारी रूपमा अपनाउन सुझावहरू दिइएको थियो ।

संक्रमणको पहिचान गर्न नसकेमा बिरामीलाई दिने परामर्श पनि गलत हुन जान्छ । सन् २०२२ मा डेंगुले काठमाडौंमा व्यापक प्रभाव पार्दै गर्दा कतिपय संक्रमितमा डेंगु नेगेटिभ पनि देखिने गरेको अनुभव छ । अर्थात् उनीहरू डेंगु जस्तो देखिने लक्षणहरूबाट बिरामी भएका थिए ।

यहाँ बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने डेंगु निश्चित औषधि नहुँदा लक्षणमा आधारित उपचार र बढी परामर्शको आवश्यकता रहने गर्दछ । तर सोही समयमा सोही लामखुट्टेले अरू संक्रमणहरू फैलाइरहेको भए वा डेंगु जस्तो लक्षण भएका अरू संक्रमणहरू रहेछ भने (लामखुट्टे बाहेक अरू माध्यमबाट संक्रमण फैलिरहेको भए) परामर्श पनि गलत हुन जान्छ ।

केही वर्ष अगाडि रगतमा प्लेट लेट्सको कमी हुने ज्वरोका बिरामीहरूले अस्पताल व्यापक भरिएको अनुभव छ । तर हामीसँग भएको सीमित संक्रमणको परीक्षणले गर्दा त्यो कुन संक्रमण थियो भनेर पुष्टि भने कहिल्यै भएन । यसलाई अज्ञात संक्रमणको प्रकोप भन्ने गरिएको छ ।

त्यस्तै हाल धेरैलाई ज्वरो र रुघाखोकी देखिने गरेको (फ्लु नेगेटिभ) छ । तर फ्लु भाइरस बाहेक अरू संक्रमणको नियमित परीक्षण नगरिने हुँदा यस्ता संक्रमणहरू अज्ञात हुने क्रमले निरन्तरता पाइरहेको छ ।

पछिल्लो समय छिमेकी देश चीनको बेइजिङमा हजारौं बालबालिका अज्ञात संक्रमणको कारणले निमोनिया भई अस्पताल भर्ना भइरहेको जानकारीहरू मिडिया मार्फत प्राप्त हुने क्रम जारी छ । यसबारेमा विश्व स्वास्थ्य संगठनले पनि चासो दिएको देखिन्छ । यद्यपि बालबालिकामा निमोनिया हृवात्तै बढ्नुमा जाडो महिनामा देखिने/देखिँदै आइरहेका फ्लु भाइरस, आरएसभी भाइरस, एडेनो भाइरस, सार्स कोभ-२ भाइरस तथा माइकोप्लाज्मा निमोनिया जस्ता संक्रमणहरूलाई जिम्मेवार मानिएको छ । र कुनै नौलो संक्रमणको पनि पुष्टि नभएको भनिएको छ । यो जवाफ दिन सक्नुमा परीक्षणको दायरा फराकिलो हुनु नै हो । यद्यपि वर्षौंन जाडो महिना देखिने माथि उल्लिखित संक्रमणहरू अहिले बालबालिकामा कडा रूपमा प्रस्तुत हुनुको सटिक कारण र जवाफ भने कसैले दिन सकेको देखिँदैन ।

दूत स्वरूप परिवर्तन गर्न सक्ने क्षमता भएको र नयाँ-नयाँ भेरियन्टको रूपमा देखिने कोभिड-१९ को अवस्था पत्ता लगाउन नेपालले सिक्वेन्सिङ प्रविधिको पनि स्थापना गरेको थियो । हाल यो नियमित संचालनमा भए नभएको सार्वजनिक छैन तर पनि ज्वरोका बिरामीका नमूना हाल उपलब्ध संक्रमणका परीक्षणहरू नेगेटिभ देखिए । सिक्वेन्सिङ प्रविधिको प्रयोग गरी संक्रमण पत्ता लगाउन सहज हुनेछ र पत्ता लगाउनु पनि पर्दछ । यसबाट नयाँ संक्रमण वा भएका संक्रमणको नयाँ पुस्ताको विकास भए नभएको पत्ता लगाउन सकिनेछ ।

अज्ञात संक्रमणको चाङ बढ्दै जाँदा त्यसको सही र शीघ्र पहिचान, उपचार र नियन्त्रणका उपायहरूको लागि अनुसन्धान अति जरूरी भइसकेको छ । हामीले वर्षौंदेखि अनुसन्धानमा केन्द्रित सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी) जस्तो संस्थाको आवश्यकताको वकालत पनि गर्दै आइरहेका छौं ।

अज्ञात वा पुष्टि नभएका संक्रमणको अवस्था पनि अज्ञात रहने तर कुनै पनि समय महामारीको रूप लिन सक्ने, उपचार सही नहुने, अनुमानको भरमा एकपछि अर्को एन्टिबायोटिकको प्रयोग गर्दै जाँदा जीवाणुमा औषधि प्रतिरोधात्मक क्षमताको विकास हुँदै जाने र प्रकोप र महामारीलाई शीघ्र नियन्त्रणमा ढिलाइ हुने जस्ता चुनौती देखिने छन् ।

स्मरणरहोस्, कोभिड-१९ को पनि पहिचान, उपचार, खोप विकास र नियन्त्रणमा ढिलाइ हुँदा विश्वव्यापी ठूलो संख्यामा मानवीय क्षति भएको थियो । *(साभार: अनलाइनखबर)*

# कालोसूचीको निरन्तरतापछि प्राधिकरण र निगमबीच आरोप-प्रत्यारोप

काठमाडौं/युरोपियन युनियनले १४ मंसिरमा उडान सुरक्षा चासोको सूची (कालोसूची) सार्वजनिक गर्दा ११औं पटक नेपालको नागरिक उड्डयन (हवाई) क्षेत्र पनि देखिँएरियो ।

यही विषयलाई लिएर हवाई सुरक्षाको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण र राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमबीच आरोप-प्रत्यारोप चलेको छ ।

प्राधिकरणका अधिकारीले नेपाल वायुसेवा निगम (नेपाल एयर लाइन्स) ले सुरक्षा मापदण्ड पालनामा कमजोरी गर्दा कालोसूचीमा दोहोरिने अवस्था आएको सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

निगमका अधिकारीहरूले भने नागरिक उड्डयन प्राधिकरणले गर्नुपर्ने सुधारको काम नगरेका कारण कालोसूचीमा परेको जिकिर गरेको छ ।

निगम व्यवस्थापनले कालोसूचीमा रहिरहनुको कारण तथ्यपूर्ण ढंगले सार्वजनिक गर्न प्राधिकरणका अधिकारीहरूलाई चुनौती नै दिये ।

त्यसको प्रतिक्रियामा प्राधिकरणले १५ मंसिरमा वायुसेवा निगमले एकलौटी रूपमा गर्दै आएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड हृयान्डलिङ (भूमिस्थ प्रबन्ध सेवा) अब प्रतिस्पर्धा मार्फत छनोट हुने कम्पनीलाई दिने निर्णय गऱ्यो ।

ग्राउण्ड हृयान्डलिङ सेवाको व्यवस्थापन विमानस्थल सेवाशुल्क नियमावली-२०७८ अनुसार हुँदै आएको छ । नियमावलीमा रहेको सरकारको ५० प्रतिशतभन्दा बढी स्वामित्व रहेको कम्पनीलाई वार्तामार्फत सोझै ग्राउण्ड हृयान्डलिङ सेवा सञ्चालन गर्न दिन सकिने व्यवस्था छ । त्यही व्यवस्था अनुसार निगमले ग्राउण्ड हृयान्डलिङको काम पाएको थियो ।

ग्राउण्ड हृयान्डलिङको शुल्कमध्ये १५ प्रतिशत रोयल्टी प्राधिकरणलाई दिएर बाँकी निगमले नै राख्ने गरेको छ । विमान उडाएर मात्रै नाफामा जान मुश्किल रहेको निगमका लागि ग्राउण्ड हृयान्डलिङ आम्दानीको राम्रो स्रोत हो ।

ग्राउण्ड हृयान्डलिङमा निगमको एकाधिकार खोसिएपछि वायुसेवा निगमका कर्मचारीहरूले प्राधिकरण र निगमको नेतृत्व विरुद्ध आन्दोलन थालिसकेका छन् ।

तर, ग्राउण्ड हृयान्डलिङ सम्बन्धी प्राधिकरणको निर्णय कार्यान्वयन हुनेमा भने आशंका छ । 'प्राधिकरणलाई नियामक निकायको रूपमा नै व्यवहार नगर्ने गरेका कारण दबाब बढाउन यस्तो निर्णय भएको हो' प्राधिकरण स्रोत भन्छ, 'सरकारी कम्पनीलाई हटाएर ग्राउण्ड हृयान्डलिङमा निजी कम्पनी ल्याइन्छ भन्नेमा प्राधिकरणभित्रै कोही

पनि विश्वस्त छैनन् ।'

ग्राउण्ड हृयान्डलिङको शुल्क प्राधिकरणले निर्धारण गर्ने व्यवस्था छ, तर स्वीकृत तोकेको शुल्क कार्यान्वयन गर्न निगमले आनाकानी गर्दै आएको छ ।

प्राधिकरणले ७ भदौ २०७९ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउण्ड हृयान्डलिङ सेवा उपलब्ध गराएबापत लिन पाउने नयाँ सेवा शुल्क तोकेको थियो ।

तर ग्राउण्ड हृयान्डलिङको शुल्क समायोजन गर्न र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्ने वायुसेवा कम्पनीलाई ५० प्रतिशत ग्राउण्ड हृयान्डलिङ शुल्क छुट दिन निगमले ढिलाइ गरेको थियो ।

१५ भदौ २०७९ देखि लागू हुनुपर्ने शुल्क लागू गर्न निगम तयार नभएपछि १७ चैत २०७९ मा प्राधिकरणले निगम अध्यक्षलाई स्पष्टीकरण सोधेको थियो । निगमले प्राधिकरणलाई बेवास्ता गर्दै संशोधित सेवा शुल्क लागू नगरेपछि वैशाख २०८० मा पुनः स्पष्टीकरण सोधिएको थियो ।

निगम र प्राधिकरणको नेतृत्वबीच पछिल्लो ६ महिनायता भने खटपट सार्वजनिक भएको थिएन । तर, ईयूको प्रतिवेदन सार्वजनिक भएपछि दुई निकायबीच पुनः तित्तता बढेको हो ।

प्राधिकरणले गत १५ मंसिरमा नै वायुसेवा निगमका कार्यकारी अध्यक्ष तथा एकाउन्टेबल म्यानेजर युवराज अधिकारीलाई ७ दिने स्पष्टीकरण समेत सोधेको थियो । विभिन्न लेखापरीक्षण तथा मिसन प्रतिवेदनले तपाईको वायुसेवा कम्पनीले अन्य सुरक्षा मापदण्डबाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सुरक्षा व्यवस्थापन प्रणाली कायम गर्न नसकेको बताएको थियो' अधिकारीलाई लेखिएको पत्रमा भनिएको छ, 'यस सन्दर्भमा तपाईलाई प्राधिकरणले तपाईको नाममा जारी गरिएको एकाउन्टेबल म्यानेजर अनुमति किन फिर्ता नलिने भन्ने व्याख्या गर्न अनुरोध छ ।'

प्राधिकरणले दबाबमा राख्न खोजेको बुझेपछि वायुसेवा निगमले पनि आइतबार त्यसको घुमाउरो जवाफ दियो ।

यसअघि पनि प्राधिकरण र नेपाल एयरलाइन्सबीच पटक-पटक यस्ता द्वन्द्व देखिँदै आएको थियो । विशेषगरी पछिल्लो वर्षमा वायुसेवा निगमको कार्यकारी अध्यक्ष युवराज अधिकारी र प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीबीचको सम्बन्ध चिसिएको छ ।

हालै प्राधिकरणले स्पष्टीकरण सोधेपछि निगमले आइतबार पाँच पृष्ठ लामो विज्ञप्ति मार्फत ईयूको हवाई सुरक्षा प्रतिवेदनमा प्राधिकरणले सुधारका लागि नगरेका कामको सूची बनाएर सार्वजनिक गरिदियो ।

"युरोपेली युनियनले २३ नोभेम्बरमा पठाएको नेपाललाई ईयूको सेफ्टी लिस्टबाट नहटाउनुको कारण नेपाल नागरिक उड्डयन प्राधिकरणको न्यूनतम अन्तर्राष्ट्रिय सुरक्षाका मापदण्डहरू नेपालमा लागू गर्ने जिम्मेवारी पूरा गर्न वर्तमान क्षमतामा विश्वस्त हुन नसकिएकाले भनी स्पष्टसँग उल्लेख गर्दागर्दै पनि नेपाल वायुसेवा निगमको कमजोरीका कारण नेपाललाई ईयूले सेफ्टी लिस्टबाट नहटाएको भनी भ्रमपूर्ण प्रचारबाजी भएको' नेपाल वायुसेवा निगमले भनेको छ ।

निगमका अनुसार युरोपेली युनियनले नेपालको हवाई सुरक्षा मापदण्डहरूको पालनाको अवस्थाबारे अन्तर्राष्ट्रिय उडान गरिरहेको नेपाल एयरलाइन्स र आन्तरिकतर्फ श्री एयरलाइन्सलाई नमूना (स्याम्पल) का रूपमा लिएर अध्ययन गरेको थियो ।

सन् २०१३ देखि नेपाली सबै वायुसेवा कम्पनीहरू ईयूको सुरक्षा चासोको सूचीमा भए पनि हरेक वर्ष ईयूले नमूनाका रूपमा नेपाल एयरलाइन्स र श्रीको हवाई सुरक्षाको परीक्षण गर्छ ।

सोही अध्ययनबाट देखिएको निष्कर्षलाई उसले नेपालको हवाई सुरक्षा अवस्थामा सुधार भए/नभएको आधारका रूपमा लिने गरेको छ । यस्तो हवाई सुरक्षा अडिटमा प्राधिकरणले नियामकका रूपमा कस्तो भूमिका निभाएको छ र नेपाली वायुसेवा कम्पनीहरूले सुरक्षा पक्षको सुधारमा के-के काम गरेको छ भन्ने मूल्यांकन हुन्छ ।

यो वर्ष ईयूले अडिट सकेपछि नागरिक उड्डयन प्राधिकरण, नेपाल एयरलाइन्स र श्री एयरलाइन्ससँग कार्ययोजना समेत मागेको थियो । तर, अडिट रिपोर्ट र नेपाली नियामक र सेवा प्रदायकको कार्ययोजनाबाट ईयू सन्तुष्ट भएन ।

ईयूको प्रतिवेदनमा नेपालले हवाई सुरक्षाको क्षेत्रमा प्रगति हात पारे पनि न्यूनतम अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डहरू लागू गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणको क्षमतामा विश्वास गर्न नसकिने उल्लेख छ ।

'प्रयासहरूको बावजुद अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डहरू लागू गर्न र प्रमाणित वायुसेवा प्रदायकहरूले त्यसको पालना गर्छन् भन्ने सुनिश्चित गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणको क्षमता अपर्याप्त छ', ईयूको प्रतिवेदनमा भनिएको छ ।

युरोपेली युनियनको स्थलगत अवलोकन सहित मूल्याङ्कनका क्रममा प्राप्त प्रमाणहरूले नेपालमा उड्डयन गतिविधिको निरीक्षण गर्ने प्राधिकरण न्यूनतम अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डहरू लागू गराउन सक्षम छैन भन्ने देखिएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

'प्राधिकरणको नियामकीय क्षमता, कर्मचारी व्यवस्थापन तथा तालिम र प्रमाणपत्र दिने प्रक्रियाहरूमा थप सुधारको आवश्यकता प्रमाणित भयो', प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनले नियामकीय काम गर्ने सन्दर्भमा प्राधिकरणको संगठनात्मक संरचना र शाखा, विभाग तथा कर्मचारीको परिचालन नमिलेको औंल्याएको छ ।

'यो असंगतिले हालको गतिविधि कर्मचारी विन्यासलाई अझ सही रूपमा प्रतिबिम्बित गर्न संगठनात्मक संरचनाको व्यापक संशोधनको आवश्यकतालाई जोड दिइन्छ', प्रतिवेदनमा भनिएको छ ।

ईयुको प्रतिवेदनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वलाई हेरेर बलियो र प्रभावकारी सुरक्षा निरीक्षण प्रणाली स्थापना गर्न प्राधिकरणलाई भनेको छ । उडानपूर्वको परीक्षण प्रणालीमा सुधार गर्न अन्तर्राष्ट्रिय स्तरको मापदण्ड बनाउन, हेलिकप्टर उडानलाई सुरक्षित गर्न विशेष निगरानी संयन्त्र स्थापना गर्न, तालिम, अनुगमन र दस्तावेजीकरणलाई बढाउन, थकान व्यवस्थापन प्रोटोकलहरू लागू गर्न र प्राविधिक मूल्यांकन र स्वीकृति दिने प्रक्रियालाई बलियो बनाउन प्राधिकरणलाई सुझाव दिएको छ ।

ईयूको प्रतिवेदनमा वायुसेवा निगम सहित नेपाली वायुसेवा कम्पनीहरूमाथि पनि प्रश्न उठाइएको छ । पटक-पटक बिग्रिर हने र लामो समय ग्राउन्डेड भएर बस्ने विमानहरूको उडान योग्यतामाथि ईयूको प्रतिवेदनले प्रश्न उठाएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुल नियामक निकायले सुधार को काम भए/नभएको सोध्नु र त्यसमा उत्तरदायी अधिकारीले जिम्मेवारी पूरा गरेको नदेखिए स्पष्टीकरण सोध्नु सामान्य भएको बताउँछन् ।

'हवाई सुरक्षा सुधारका लागि वायुसेवा कम्पनीलाई निर्देशन दिनु र त्यसको पालनाबारे जानकारी मागनु प्राधिकरणको नियमित काम हो' उनी भन्छन्, 'यसलाई अन्यथा बुझ्न हुँदैन ।' उनले सरकारले स्वीकृत गरेको नियमावली अनुसार नै ग्राउण्ड हृयान्डलिङमा खुला प्रतिस्पर्धा गर्न लागिएको समेत बताए ।

निगमका प्रवक्ता रमेश पौडेल मिथ्या सूचना प्रचार गरी निगमको संस्थागत साख्मा आँच पुऱ्याउने प्रयत्न भइरहेको बताउँछन् । ईयूले २९ नोभेम्बरमा पठाएको पत्रमा नेपाल नागरिक उड्डयन प्राधिकरणको हवाई सुरक्षा न्यूनतम मापदण्ड लागू गर्ने क्षमतामा बुँदागत रूपमा प्रश्न उठाइएको उनले बताए ।

'नेपाल वायुसेवा निगमको कमजोरीका कारण नेपाललाई ईयूले नेपाललाई सेफ्टी लिस्टबाट नहटाएको भन्ने प्रचार भ्रमपूर्ण हो', पौडेलले विज्ञप्तिमार्फत भनेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'चिठ्ठी' गीतमा सञ्जीतको प्रेम वियोग

काठमाडौं/माधवराज खरेल निर्देशित फिल्म 'चिठ्ठी'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'टुटेको तारा' बोलको वियोगान्त भावको गीतमा शिव परियारको स्वर, डा. कृष्णहरि बरालको शब्द रचना र सरोज कोइरालाको संगीत छ । गीतको भिडियोमा फिल्मका प्रमुख अभिनेता सञ्जीत भण्डारी चित्रित छन् । गीतमा उनी प्रेम वियोगमा मानसिक सन्तुलन गुमेको पात्रको रुपमा जीवन्त देखिएका छन् ।

फिल्ममा सञ्जीतका साथै खड्ग बहादुर पुन मगर 'खबपु', गोपाल ढकाल 'छन्दे', नवराज थापा, मुस्कान लामा, कञ्चन चालिसे, प्रवण भुसाल, श्रीदेव भट्टराईको पनि मुख्य भूमिका छ भने नम्रता खरेल, रश्मि भट्ट, मोहन निरौला, शान्तिप्रिय, राजन थापा, डेविल सिंह राजपूत, प्रह्लाद खरेल, उद्धव भट्टराई, समीर लामा, पूर्ण राई, पुरुषोत्तम सानु

आदिले महत्त्वपूर्ण भूमिकामा अभिनय गरेका छन् ।

फिल्मलाई जीवन पराजुली र राजन खरेलले खिचेका हुन् भने निर्देशक खरेल र अच्युत बजगाईंको सम्पादन रहेको छ । फिल्मको सहायक निर्माता अनिता कुँवर, समीर खान र कृष्णादेवी आचार्य हुन् । काठमाडौँ, काभ्रेपलान्चोक तथा ललितपुर क्षेत्रमा छायाङ्कन गरिएको फिल्म एरा प्रोडक्सनको ब्यानरमा कमला जोशीले निर्माण गरेकी हुन् । फिल्मको प्रदर्शन मिति भने घोषणा गरिएको छैन ।

# 'एनिमल'ले तोड्यो 'पठान'को रेकर्ड

एजेन्सी, मुम्बई/रिलिजपूर्व नै 'रेकर्डब्रेक' कलेक्सनको प्रक्षेपण गरिएको बलिउड सुपरस्टार रणवीर कपूर स्टारर फिल्म 'एनिमल'ले बक्स अफिसमा आफ्नो शक्ति देखाएको छ । ५४ करोड ७५ लाखको ओपनिङ गरेको फिल्मले अभिनेता शाहरुख खान अभिनीत फिल्म 'पठान'ले विकेन्ड कलेक्सनमा बनाएको रेकर्डलाई समेत सजिलै तोडेको छ । र, फिल्मले तीन दिनमा १ सय ७६ करोडमाथि कमाएको छ ।




दोस्रो दिन ५८ करोड ३७ लाख कमाएको फिल्मले तेस्रो दिन बक्स अफिसमा ठूलो उछाल कायम ल्याये । आइतबार फिल्मले ६३ करोड ४६ लाख कमाई गरेको ट्रेड एनालिस्ट तरण आदर्शले उल्लेख गरेका छन् । 'पठान'ले विकेन्ड कलेक्सनमा १ सय ६१ करोड कमाएको थियो । उक्त रेकर्डलाई ध्वस्त पार्दै 'एनिमल' बलिउडकै इतिहासमा दोस्रो ठूलो विकेन्ड कलेक्सन गर्ने फिल्म बनेको छ ।

साउथ इन्डियन भाषाको कलेक्सन पनि जोड्ने हो भने फिल्मले तीन दिनमा २ सय करोड कमाएको छ । फिल्मको व्यापारलाई ट्रेड एनालिस्ट आदर्शले तुफानको संज्ञा दिएका छन् । सोमबारबाट भारतमा कामकाजी दिन सुरु भएकाले फिल्मले ४० करोड हाराहारी कमाउने प्रक्षेपण गरिएको छ । फिल्मको 'वर्ड अफ माउथ' राम्रै रहेकाले एक हप्तामै साढे ३ सय करोडको आँकडा नाघ्ने देखिन्छ ।

फिल्मलाई 'कबीर सिंह' फेम्ड निर्देशक सन्दीप रेड्डी भांगाले निर्देशन गरेका हुन् । रणबीरको एक्सन र अभिनयको प्रशंसा भइर हेको छ । तर, कथावाचनमा फिल्म चुकेको भन्दै समीक्षकले आलोचना गरेका छन् । फिल्मको पहिलो हाफ सशक्त छ । मध्यान्तरपछि भने औसत छ । अनिल कपूर, बबी देओल, रश्मिका मन्दाना, तृप्ति डिमर 'लगायतको पनि फिल्ममा मुख्य भूमिकामा अभिनय छ ।

# पलले 'मायावी' भ्याए, म्यूजिक भिडियो थाले

काठमाडौं/जेल जीवन भन्दा अघि अभिनेता पल शाहले लगभग एक्लैले म्यूजिक भिडियो इन्डस्ट्री धानेका थिए । उनी जेल गएपछि एकखालको सन्नाटा छाएको थियो । म्यूजिक भिडियो बन्न कम मात्र भएन, यूट्युबमा भ्यूजकै समेत खडेरी देखिएको थियो । उनी जेलबाट रिहा भएपछि भने म्यूजिक भिडियो क्षेत्रमा चहलपहल फर्किएको छ । यो बीचमा उनले मात्र दुई दर्जनभन्दा बढी म्यूजिक भिडियो गरे ।

यसबीच, उनले आफ्नो कमब्याक फिल्म 'मायावी'को समेत छायांकन पूरा गरिसकेका छन् । भदौदेखि उनले यो फिल्मलाई समय दिएका थिए । छायांकन सुरु हुनअघि पोखरामा अभिनेता अनुप बरालबाट 'मेथर्ड एक्टिङ' समेत सिकेका थिए । कमब्याक फिल्म भएकाले उनी 'मायावी'लाई लिएर गम्भीर छन् । करिअरका लागि यो फिल्म व्यावसायिक रुपमा सफल हुनैपर्ने दबाबमा उनी छन् ।

यही शनिबार पोखरामा फिल्मको छायांकन पूरा गरेका उनले आइतबारदेखि पाइपलाइनमा रहेका म्यूजिक भिडियोलाई समय दिन थालेका छन् । उनी पोखराबाटै एक म्यूजिक भिडियोका लागि चान्द्रक उक्लिए । अब उनी केही समय म्यूजिक भिडियोमा नै काम गर्ने योजनामा र हेको जनाइएको छ । फागुनदेखि उनले निर्देशक एभरेष्ट सूर्य बोहोरावो नयाँ फिल्म 'अवतार'लाई समय दिनेछन् ।

पल जेलबाट मुक्त भएपछि आफ्नै लगानीमा फिल्म बनाउने तयारीमा थिए । त्यसका लागि उनले 'प्रकाश' लेखक विकास सुवेदीको साहरा लिएका थिए । र, दुवैले फिल्म निर्देशनको प्रस्ताव दिनेश राउतलाई गरे । तर, स्क्रिप्ट लेखनमा केही समय लाग्ने भएपछि पल 'मायावी'मा जोडिए । सम्भवतः पलले निर्देशक बोहोराको फिल्ममा काम गरिसकेपछि आफ्नै लगानीमा फिल्म बनाउन सक्नेछन् ।

# भागबण्डाको आधारमा मेडिकल काउन्सिलमा भुसाल

काठमाडौं/नेपाल मेडिकल काउन्सिलको अध्यक्षमा प्रा. डा. चोपलाल भुसाल नियुक्त भएका छन् । मन्त्रिपरिषद्को १३ मंसिरको बैठकले डा. भुसाललाई ४ वर्षे कार्यकालका लागि अध्यक्षमा नियुक्त गरेको हो ।

त्यसै दिनको बैठकले स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा डा. गुणराज लोहनीलाई नियुक्त गरेको थियो । सत्तारुढ प्रमुख दुई दल नेपाली कांग्रेस र माओवादी केन्द्रबीच भएको भागवण्डाका आधारमा काउन्सिल र बीमा बोर्डमा अध्यक्ष नियुक्त भएका हुन् ।

काउन्सिल कांग्रेस र बीमा बोर्डको अध्यक्ष माओवादीको भागमा परेको थियो । त्यसअनुसार माओवादीले स्वास्थ्य मन्त्रालयका पूर्वविशेषज्ञ चिकित्सक डा. लोहनी र कांग्रेसले प्रा. डा. भुसाललाई नियुक्ति दिलाएको हो ।

मेडिकल काउसिलमा उपाध्यक्षसहित सदस्यहरु चुनावबाट आउँछन्, तर अध्यक्ष भने मन्त्रिपरिषद्ले नियुक्त गर्ने व्यवस्था छ । त्यही कारण अवपादबाहेक राजनीतिक दलसम्बद्ध व्यक्ति नै मेडिकल काउसिलको अध्यक्ष हुने गरेका छन् ।

अहिले अध्यक्षको नियुक्ति पाएका प्रा. डा. भुसाल कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालका श्रीमान् हुन् । वि.सं. २०६३ सालमा नेपाल चिकित्सक संघको अध्यक्ष भएका उनले २०६५ सालदेखि चार वर्ष नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अध्यक्षको जिम्मेवारी पाएका थिए । २०१७ देखि २०१९ सम्म उनले बंगलादेशका लागि नेपालको राजदूत समेत भएका थिए ।

अर्घाखाँचीका भुसालले सोभियत युनियन (रसिया) बाट एमबीबीएस अध्ययन पूरा गरेका थिए । नाक, कान र घाँटीमा पोस्ट ग्र्याजुएट (पिजी) डिप्लोमा गरेका उनी २०४६ सालमा असिस्टेन्ट लेक्चररको रुपमा त्रिवि चिकित्सा शास्त्र अध्ययन संस्थान (आइओएम)मा जोडिए ।

२०७४ सालमा अवकाश प्राप्त गरेका उनले एक वर्ष नेपाल आर्मी अस्पतालमा अध्यापन गरे । प्रा.डा. भुसाल क्षमताका हिसाबले काम गर्न सक्ने व्यक्ति हुन्, विभिन्न ओहदामा रहँदा ठूलो विवादमा परेका छैनन् । तर राजनीतिक भागवण्डाका आधारमा नियुक्ति भएकाले मेडिकल काउन्सिलमा प्रभावकारी रुपमा काम गर्नेमा भने शंका छ । लामो समय स्वास्थ्य मन्त्रालयको नेतृत्व गरेका एक अधिकारीका अनुसार मेडिकल काउन्सिलको नेतृत्वमा सरकारी स्वास्थ्य संस्था, निजी अस्पताल र मेडिकल कलेजसँग समवन्य गर्न सक्ने क्षमता भएको व्यक्ति चाहिन्छ ।

यसमा पनि भुसाललाई सहज हुने छैन । 'राजनीतिक आस्थाको भरमा नियुक्त दिनु अवश्य राम्रो होइन, ती अधिकारी भन्छन् 'चिकित्सा शिक्षाजस्तो विषयमा भागबण्डा हुन थालेपछि के राम्रो काम हुन्छ भन्ने आश गर्न सकिन्छ र ?'

**नागरिकको विश्वास जित्नु चुनौतीपूर्ण**

विस २०२० सालमा स्थापना भएको काउन्सिलले उपचारका क्रममा लापवाही भयो भनेर उजुरी आए त्यसउपर छानबिन गर्ने र दोषी देखिए चिकित्सकलाई कारबाही गर्ने अधिकार पाएको छ ।

तर अनुगमन तथा कारबाही गर्ने निकाय अधिकार पाएको काउन्सिलमा भागबण्डाको आधारमा नियुक्त गर्दा प्रभावकारी रुपमा काम गर्न सक्दैनन् । काउन्सिलका पूर्व अधिकारीका अनुसार अन्तर्राष्ट्रिय स्तरको तुलनामा काउन्सिलले गर्नुपर्ने काम असाध्यै कम मात्रै गरेको छ ।

उनका अनुसार दर्ता भएका चिकित्सकको क्षमता अभिवृद्धि, इथिकल प्राक्टिस, सेवा तथा गुणस्तरमा मेडिकल काउन्सिलले जति काम गर्नुपर्ने हो, त्यति गर्न सकेको छैन । 'यद्यपि अहिले जति गरेको छ, त्यो सुधार गर्ने बाटोमै छ', ती अधिकारी भन्छन् ।

त्यो भन्दा ठूलो चाहिँ मेडिकल काउन्सिलले अहिलेसम्म आम नागरिकको विश्वास जित्न सकेको छैन । बरु पछिल्लो समय मेडिकल काउन्सिलका सदस्यहरु डाक्टरको पक्षमा मात्रै बोल्ने भूमिकामा प्रस्तुत भइरहेको ती अधिकारी बताउँछन् ।

'काउन्सिल डाक्टरको पेशागत संगठन जस्तो गरेर चलेको देखिन्छ' ती अधिकारी भन्छन्, 'यसले आफ्नो समस्या नसुनिएको नागरि कले महसुस गरेका छ, जसले गर्दा सर्वसाधारणले काउन्सिलप्रति भरोसा गर्न सकेको देखिँदैन ।'

किनकी उपचारका क्रममा भएको भनिएको लापर वाहीलाई लिएर काउन्सिलले कुनै उजुरी आयो भने त्यसको छानबिन गर्न महिनौं लगाउँछ, अनि सचेत गराउने निर्णय दिन्छ । मेडिकल काउन्सिलका बहुसंख्यक पदाधिकारी चुनिएर आउने भएकाले पनि सचेत गराउने बाहेकका अधिकार प्रयोग नगरेको पूर्व सदस्यहरुको अनुभव छ ।

'बैलैमा न्याय पाइँदैन भन्दै बिरामीका आफन्तले तोडफोड, हातपात गर्नु गतल हो', मेडिकल काउन्सिलका पूर्व पदाधिकारी भन्छन्, 'तर न्याय दिनका स्थापना भएका सरकारी निकाय पनि दोषी छन् । त्यसमा काउन्सिलको पनि केही भागिदारी छ ।'

किनकी चिकित्सकीय त्रुटि प्रमाणित भएमा सचेत गराउने, घटनाको प्रकृति हेरेर एक महिनादेखि दुई वर्षसम्म लाइसेन्स या चिकित्सकलाई निलम्बन गर्ने अधिकार काउन्सिललाई छ ।

तर राजनीतिक भागवण्डाका आधारमा गएकाहरुले नेतृत्व गरेको मेडिकल काउन्सिलबाट लापरवाही गरेको भनेर चिकित्सकलाई कार बाही गर्ने परिकल्पना गर्न नसकिने काउन्सिलकै पूर्व अधिकारीहरु बताउँछन् । ती पूर्वपदाधिकारीले भने, 'हाम्रो कानुनी प्रक्रियाले वास्तविक पीडितलाई न्याय दिलाउन सकिरहेको छैन ।'

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मकवानपुरको विकट क्षेत्र राक्सिराङ गाउँपालिका-८, स्थित स्थानीय चेपाङलाई हात बाँधेर कुटपिट गर्न खोजिएको दृश्य । अन्दाजी ४०-४५ वर्षीय ती व्यक्तिलाई 'बोक्सा'को आरोप लगाएर स्थानीयले हात बाँधेर निर्घात कुटपिट गरेको स्थानीयले उल्लेख गरेका छन् । राक्सिराङका बुद्धिजिवीहरूले समाजिक सञ्जालमा लेख्दै मानवअधिकारविरुद्ध हुने यस्ता क्रियाकलाप गर्ने जोसुकैलाई कानुनी कारबाहीको दायरामा ल्याउन सम्बन्धित निकायसमक्ष माग गरेका छन् । *तस्विर: बिक्रम चेपाङ/राक्सिराङ ।*

# जिसस मकवानपुरको वार्षिक समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको वार्षिक समीक्षा सोमबार हेटौंडामा सम्पन्न भएको छ । बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिं लामाको प्रमुख आतिथ्य तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

मकवानपुरका १० वटै स्थानीय तहको सहभागिता रहेको कार्यक्रममा स्थानीय तहले गरेका काम, काम गर्दा आएका समस्या र आगामी दिनमा स्थानीय तहले गरेका अपेक्षाका बारेमा प्रस्तुतीकरण गरेका थिए । सबै पालिकाको प्रस्तुतीमा नदिजन्यपदार्थको राजश्व संकलनमा समस्या औंल्याइएको थियो ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री लामाले संघीय व्यवस्था कमजोर नहुने गरी स्थानीय तहलाई बलियो बनाउनुपर्ने बताएका छन् । पछिल्लो समय देशमा तीनवटै तहले आफ्नो अधिकारको मात्रै विषय उठान गर्दा एकआपसमा अन्तर्द्वन्द्व जस्तो स्थिति पैदा भएको उनले उल्लेख गरेका छन् । तहगत सरकारबीचमा अन्तर्द्वन्द्व हुँदा संघीयता कमजोर हुनसक्ने भन्दै मन्त्री लामाले

सरोकार पक्ष सबै यसमा गम्भीर बन्नुपर्ने बताएका छन् ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वयकारी भूमिका अहिलेको प्रमुख आवश्यकता रहेकोमा मन्त्री लामाले जोड दिए । तीनवटै तहका सरकारबाट बन्ने नीति, नियम, मापदण्ड गहन अध्ययन गरी निर्माण गर्नुपर्नेमा पनि उनले जोड दिएका छन् । देशमा आर्थिक तरलता रहेको भन्दै मन्त्री लामाले यसको असर तीनवटै तहका सरकारमाथि परिरहेको जिकिर गरेका छन् ।

बागमती प्रदेश सांसद एकलाल श्रेष्ठले स्थानीय स्रोतसाधनको समुचित प्रयोग हुनुपर्ने, स्थानीय तहले जनताको चित्त बुझ्ने गरी काम गर्नुपर्नेमा जोड दिए । प्रदेश र संघमा समुचित बजेट विनियोजन हुन नसकेको भन्दै सांसद श्रेष्ठले योजना र बजेट मन्त्रीको निर्वाचन क्षेत्र केन्द्रित भएर जाने गरेको गुनासो गरेका छन् । यसैगरी, कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख घलानले प्राकृतिकस्रोतको उपयोग गर्ने नीतिहरु बन्ने क्रममा रहेको र आर्थिक समृद्धिका लागि त्यस किसिमका नीति आवश्यक रहेको बताएका छन् ।

जिसस मकवानपुरले वार्षिक समीक्षामा फरकफरक विधाका संस्था तथा व्यक्ति १२ जनालाई सम्मान गरेको छ । सहकारी विधा अन्तर्गत श्रमिक सानाकिसान कृषि सहकारी संस्था लिमिटेड, मकवानपुरगढी र जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेडलाई सम्मान गरिएको छ । यस्तै, गैह्रसरकारी संस्थातर्फ शान्ति फाउण्डेशन मकवानपुर र ग्रामीण जीवनस्तर सुधार मञ्च मकवानपुरलाई सम्मान गरिएको छ ।

कर्मचारीतर्फ जिल्ला समन्वय समिति मकवानपुरका खरिदार अमृता खनाल र कैलाश गाउँपालिकाअन्तर्गत कार्यरत सिनियर अनमी आशाकुमारी गुरुङ झा, बकैया गाउँपालिकाका सहायक पाँचौं तहका कर्मचारी मनिषा पराजुली सम्मानित भएकी छन् । समाजसेवातर्फ 'फरक सोच अभियन्ता' थाहा नगरपालिकाका यादवजंग रायमाझी सम्मानित भएका छन् । यस्तै, खेलकुदतर्फ करतिमा, थाहा नगरपालिकाका मानसिं दोङ सम्मानित भएका छन् । सामुदायिक वनतर्फ सिमपानी देउकोट सामुदायिक वन उपभोक्ता समूह मनहरी सम्मानित भएको छ । शिक्षातर्फ इन्द्रसरोवर गाउँपालिकाका चन्द्र आधारभूत विद्यालय सम्मानित भएको छ । महिला उद्यमीतर्फ गीता मैनाली सम्मानित भएकी छन् ।

समीक्षा कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ र प्रेमबहादुर पुलामी, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीप्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक अनिल कार्की, स्थानीय तहका प्रमुख, उपप्रमुख, कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

# मितेरी साकोसको चौमासिक समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ मा रहेको मितेरी बचत तथा ऋण सहकारी संस्थाको चौमासिक समीक्षा तथा तरलता व्यवस्थापन कार्यक्रम भएको छ ।

शनिबार संस्थाका अध्यक्ष धनराज महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाले गरेका कार्तिकसम्मको आर्थिक प्रगति प्रतिवेदनमाथी छलफल गरिएको थियो । कार्यक्रममा वडा नम्बर ५ का वडाध्यक्ष दुतराज तितुङ, संस्थाका पूर्वअध्यक्ष मधुकर कार्की, निवर्तमान अध्यक्ष शान्तलाल लामा, सल्लाहकार केशव कार्की, विन्दु विष्टलगायत सञ्चालक समिति, लेखा समितिलगायत विभिन्न उपसमितिका सदस्य गरी ३१ जनाको सहभागिता रहेको थियो ।

समीक्षामा कार्तिक महिनासम्ममा भएका वित्तीय प्रतिवेदन संस्थाका व्यवस्थापक सरोज थापामगरले प्रस्तुत गरेका

थिए । १५ करोड भन्दा बढीको कारोबार कार्तिकसम्मा भएको संस्थाका सूचना अधिकारी एवम् ऋणअधिकृत उमेश बस्नेतले बताए । कार्यक्रममा संस्थाको शेयरपुर्जी, कर्जा लगानी, निक्षेप वृद्धिका विषयमा छलफल गरिनुका साथै तरलता व्यवस्थापनको विषयमा छलफल गरिएको सूचना अधिकारी बस्नेतले बताए ।

छलफल पश्चात आव २०८०/८१ को वार्षिक बजेट एवम् रणनैतिक योजना अनुसार कार्यान्वयन गरिनुका साथै ऋण लगानी वृद्धि, भाका नाघेको ऋण र सदस्यस्ता वृद्धिका लागि विभिन्न कार्यहरु सञ्चालन गरिने संस्थाका व्यवस्थापक थापामगरले बताए । संस्थाले सवारी खरिद ऋणमा आधाआधा प्रतिशत कार्यान्वयन गरिने, मितेरी पूर्ण टोल बस्ती घोषणा कार्यक्रम गर्ने, ऋण ताकेतालाई निरन्तरता दिने, सदस्य विस्तार गर्ने, तरलता बढी हुँदा लगानीलाई विशेष प्राथमिकता दिएर जोखिम नबढ्ने गरी लगानी गर्ने जस्ता विषय निर्णय गरिएको व्यवस्थापक थापामगरले बताए ।

# पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रम समापन

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरको थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रम सकिएको छ । आइतबार सम्पन्न कार्यक्रम संयोजक मानसिंह दोङको संयोजकत्व एवम् शाखा अध्यक्ष संगम कार्कीको अध्यक्षतामा भएको हो ।

कार्यक्रममा स्थानीय क्याम्पस प्रथम भएकी विद्यार्थी अनुषा प्रधान, डाक्टरद्वय गगन कार्की र पवन कार्की, स्वर्ण पदक विजेता खेलाडी रोजन मोक्तान र थाहानगर उद्योग वाणिज्य संघमा निर्वाचित जेसीजका पदाधिकारीलाई सम्मान गरिएको थियो । जेसीजका पूर्व अध्यक्ष एवम् थाहा नगरपालिकाका उपमेयर भरत गोपालीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा

पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम ढकाल, देवचुली जेसीज अध्यक्ष गणेश सापकोटा, हेटौंडा लेडी जेसीज अध्यक्ष दिलु घर्ती, पालुङ जेसीजका पूर्वअध्यक्ष सानोभाइ कार्की र धर्मलाल प्रधान, मुल कार्यक्रम संयोजक अन्जय प्रधान, कार्यकारिणी उपाध्यक्ष दीपा बललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यस्तै, कार्यक्रममा बस्तिपुर जेसीज अध्यक्ष प्रेमबहादुर गोड्वा, मकवानपुरगढी जेसीज प्रस्तावितका अध्यक्ष पुष्पराज पुडासैनी, चैनपुर जेसीज प्रस्तावित अध्यक्ष गणेशदर्पण अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# ७ अर्ब आन्तरिक ऋण उठाउँदै सरकार

काठमाडौं, १८ मंसिर/ नेपाल सरकारले १९ मंसिरमा ७ अर्ब आन्तरिक ऋण उठाउने भएको छ । नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागले विकास ऋणपत्र बोलकबोल मार्फत ७ अर्ब आन्तरिक ऋण उठाउने भएको हो ।

विकास ऋणपत्र २०८८ 'च' नाम दिएको उक्त ऋणपत्रको अवधि ८ वर्ष रहेको छ । चालु आर्थिक वर्षमा २ खर्ब ४० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य लिएको सरकारले १ खर्ब भन्दा बढी आन्तरिक ऋण उठाइसकेको छ । असाजेभित्रै ९७ अर्ब ३१ करोड आन्तरिक ऋण परिचालन भएकोमा ४ मंसिरमा ३ अर्बको ट्रेजरी बिल बोलकबोल भएको थियो ।

१९ मंसिरमा थप ७ अर्ब रुपैयाँको विकास ऋणपत्र बोलकबोल हुने भएको हो । ऋणपत्रको ब्याजदर बोलकबोलबाट तय हुने नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागले जनाएको छ ।

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको 'कट अफ' ब्याजदरलाई एकल ब्याजदर कायम हुने राष्ट्र बैंकले जनाएको छ । उक्त ब्याजदर र त्यसभन्दा तलका सबै बोलवालाहरुलाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध हुनेछ ।

ऋणपत्रमा बैंक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिकले बोलकबोल पेश गर्न सक्नेछन् । ऋणपत्र धितो राखी कर्जा लिन र दिन पाइनेछ ।

ऋणपत्रको ब्याजदर अर्धवार्षिक रुपमा भुक्तानी हुनेछ भने आर्जित ब्याजमा ब्याजकर लाग्नेछ । ऋणपत्र प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरुलाई क्रमशः निष्कासित रकमको ८५ र १५ प्रतिशतले हुने ५ अर्ब ९५ करोड र १ अर्ब ५ करोड रुपैयाँ छुट्याइएको छ । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्याइएको र कमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरुलाई बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ ।

*(स्रोत: अनलाइनखर)*

# भीमफेदीले युवा लक्षित सीपमूलक तालिम सञ्चालन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरको भीमफेदी गाउँपालिकाले युवालाई लक्षित गरी स्वरोजगार बनाउने र सीप सिकाउने उद्देश्य सहित सीपमूलक तालिम सञ्चालन गर्ने भएको छ ।

गाउँपालिकाले स्थानीय युवालाई स्वरोजगार बनाउने, सीप सिकाउन आधारभूत मोबाइल रि पेयरिङ, जेन्स हेयर कटिङ विकास तालिम, गार्मेन्ट सीप विकास तालिम र वर्कसप विकास तालिम दिने जनाएको हो ।

गाउँपालिकाका अनुसार ९ वटै वडामार्फत सीपसम्बन्धी तालिममा इच्छुकको निवदेन संकलन गरेर छनोट गरी तालिममा सहभागी गराइने छ ।

आधारभूत मोबाइल रि पेयरिङ तालिममा सीप सिकेका युवालाई व्यवसाय सञ्चालन र आवश्यकता अनुसार प्रविधिको सहयोग समेत दिने तयारी भइरहेको तालिमकी सम्पर्क व्यक्ति अमृत गौतमले बताए । यस्तै जेन्स हेयर कटिङको तालिम पश्चात पनि व्यवसाय सुरु गर्न सहयोग गरिने गाउँपालिकाबाट जारी सूचनामा भनिएको छ ।

गार्मेन्ट तालिममा भने आधारभूत सिलाई कटाईको सीप सिकेको हुनुपर्ने व्यवस्था रहेको छ । सूचना अनुसार तालिम लिने युवा १८ वर्षेखि माथि र ४५ वर्ष नकटेको हुनुपर्नेछ । गाउँपालिकाले निवदेनको आधारमा तालिमका लागि व्यक्ति छनोट गर्ने जनाएको छ ।

# क्याम्पस बनाउन बकैयामा महायज्ञ लगाइने, प्रचण्डले दिए शुभकामना

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरको बकैया गाउँपालिका-३ मा रहेको बुद्ध माविलाई बहुमुखी क्याम्पस बनाउने पहल सुरु भएको छ ।

बकैया गाउँपालिकाको हात्तिसुँडेमा रहेको विद्यालयलाई बहुमुखी क्याम्पस बनाउने उदेश्यसहित पुस १० देखि १८ गतेसम्म श्रीमद्भागवत महायज्ञ हुने भएको छ । महायज्ञको शुभकामना दिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षा क्षेत्रको विकास र स्तरोन्नतीको लागि हुने महायज्ञको सफलताको शुभकामना व्यक्त गरेका छन् । शुभकामना सन्देश दिँदै उनले महायज्ञलाई सहयोग तथा अभिभावकत्व प्रदान गर्ने प्रतिवद्धता जनाएका छन् ।

# घरमा आगलागी हुँदा ६ लाख बराबरको क्षति

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१६ पानीस्वारामा बिजुलीको तार सर्ट भएर आगलागी भएको छ । मानबहादुर घलानको एकतल्ले कच्ची घरमा तार सर्ट भएर आगलागी भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आगलागी हुँदा घरभित्र रहेको भाँडाबर्तन, अन्नपातहरु पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीबाट अन्दाजी छ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा आएको थियो ।

# डेंगु सङ्क्रमितको संख्या ७७५ पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या ७ सय ७५ पुगेको छ । स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकअनुसार जिल्लामा साउन १ गतेदेखि मङ्सिर १७ गतेसम्म पुरुष ३ सय ९५ र महिला ३ सय ८० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको हो ।

गत २४ घण्टामा ९ जना डेंगु सङ्क्रमित थपिएका छन् । आइतवार हेटौंडा उपमहानगर पालिकाका ५ जना र मनहरी गाउँपालिका ४ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । जाडोयाम सुरु भएसँगै मकवानपुरमा डेंगु सङ्क्रमितको संख्या घट्न थालेको हो । साउनबाट देखिन थालेको डेंगु कात्तिकबाट घट्दै गएको स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी घिमिरेले जानकारी दिए ।

जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु सङ्क्रमित भेटिएका छन् । यहाँ २५६ पुरुष र २७१ महिलागरी ५३६ जनामा डेंगु सङ्क्रमण पुष्टि भईसकेको छ । कैलाश गाउँपालिकामा भने डेंगु सङ्क्रमितको संख्या शुन्य रहेको छ । थाहा नगर पालिकाका पुरुष ३ जना, मकवानपुर गढी गाउँपालिकाका पुरुष १२ र महिला ८ गरी २० जना, बागमती गाउँपालिकाकामा ५ पुरुष र १९ महिलागरी २४ जना, मनहरी गाउँपालिकाकामा पुरुष ४२ जना र ३० जना महिलागरी ७२ जना, इन्द्रसरोवर गाउँपालिकाकामा पुरुष २ जना र महिला २ जनागरी ४ जना, भीमफेदी गाउँपालिकाकामा पुरुष २३ जना र १४ जना महिलागरी ३७ जना, बकैया गाउँपालिकामा पुरुष १२ जना र १३ जना महिलागरी २५ जना र राक्सिराङ गाउँपालिकामा २ जना पुरुषमा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

यसैगरी, हेटौंडा अस्पतालमा पुरुष २० जना र महिला २० जनागरी ४० जना र अन्य जिल्लाका पुरुष ९ जना र महिला ३ जना महिलागरी १२ जनामा डेंगु संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्लामा डेंगु सङ्क्रमण कारण एक जनाको मृत्यु भएको थियो । मकवानपुमा गत आर्थिक वर्ष २०७९/८० मा पाँच हजार ८ सय ६४ जनामा डेंगु संक्रमण भएको थियो जसमध्ये तीनहजार २ सय ५ जना पुरुष र दुई हजार ६ सय ५९ जना महिला रहेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना